**बैठक नं.५**

आज मिति २०७९/०६/३१ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो।

समय : दिनको ३:०० बजे।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पद्मराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

अनिर गोट्टराज - का वा वडाध्यक्ष - ५
गिर बहादुर तमाङ का वा वडाध्यक्ष - ६

प्रस्ताव नं.५.१
मिति २०७९।०५।२९ मा बसेको नगरकार्यपालिकाको चौथो वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
निर्णय नं.५.१

- रु.२० लाख रुपैयाँ वा सो भन्दा कम लागत अनुमान भएका र संचालन एवं कार्यान्वयन भई सम्पन्न समेत भएका आयोजनाहरुको जाँचपास तथा फरफारक कार्य गर्ने गरी वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई नै अधिकार प्रत्यायोजन गर्ने गरी निर्णय भएको ।
- रु.२० लाख सम्मका ससाना आयोजनाहरु समेत वडा कार्यालयबाटै सम्झौता गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिने गरी निर्णय भएको ।
- सम्झौता बमोजिमको कार्य नभएका कारण ठे.नं.१८।०७७।०७८ को खरिद सम्झौता रद्द गरिएको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको संगठन अध्ययन तथा व्यवस्थापन सर्भेक्षण गर्ने गरी प्रकिया अगाडि बढाउने निर्णय गरिएको ।
- वडा नं.३ र वडा नं.११ का तिनाउँ नदीबाट प्रभावित भई घरवासमा क्षति भएका परिवारहरुलाई राहत वितरणका लागि सहयोग गर्ने निर्णय गरिएको ।
- अव्यवस्थित बसोवासीको जग्गा ब्लक छुट्याउने कार्य सम्पन्न भएका वडा नं. १,११, १२, १५ र १६ का ६० वटा ब्लक जग्गाको नाप नक्शांकन प्रकिया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरिएको ।
- बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका हाटबजारहरुको संचालन तथा व्यवस्थापनका लागि आय ठेक्का बन्दोवस्तीको प्रकिया अगाडि बढाउने गरी निर्णय भएको ।
- बुटवल उपमहानगर क्षेत्रभित्र हुँदै बहने खोला खोल्सीमा माटो, ढुंगा गेग्रेटोजन्य पदार्थ हटाई बस्ती सुरक्षित गर्ने प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय, रुपन्देही र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिसँग समन्वय गर्ने गरी निर्णय गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.७ र ८ मा पर्ने शिवनगर सामूदायिक वन उपभोक्ता समूहको संरक्षणमा रहेको जग्गा मध्येको २५-०-० विगाह जग्गामा हरियाली सहितको प्राथमिकता प्राप्त नगरको गौरवको आयोजना प्रादेशिक बसपार्क निर्माणका लागि जग्गा प्राप्ति हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने निर्णय भएको ।
- बुटवल उपमहानगरपालिका वडा नं.१९ अन्तर्गत रानीवारी गौडीमा संचालनमा रहेको हाटबजारको क्षेत्र तथा शौचालयको सरसफाई समेतको बन्दोवस्ती १९ नं.वडा कार्यालय मार्फत व्यवस्थापन गर्ने गरी निर्णय गरिएको ।
- हेमोफोलिया रोग प्रमाणित भएमा ल्याव परीक्षण शुल्कको ५० प्रतिशत रकम उपमहानगरपालिकाले व्यहोर्ने गरी निर्णय गरिएको ।
- आ.व.०७८।०७९ मा स्वीकृत बजेट तथा कार्यकम अन्तर्गत ठेक्का प्रकिया मार्फत कार्यान्वयन भएका तर विभिन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरुको हकमा मिति २०७९।०५।२७ को पूर्वाधार विकास समितिको निर्णय बमोजिम केही योजनाहरुको व्ययभार हुने गरी म्याद थप गर्ने निर्णय भएको ।
- बुटवल उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट प्राप्त लगत र पूर्वाधार विकास समितिको सिफारिस समेतका आधारमा सडकबत्ती जडान तथा मरमत सम्बन्धी निर्णय भएको ।
- केही संघसंस्था एवं व्यक्तिहरुका लागि सहयोग उपलब्ध गराउने निर्णय गरिएको ।

प्रस्ताव नं.५.२

**मकै पकेट विकास कार्यक्रम संचालन सम्बन्धमा ।**

निर्णय नं.५.२

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र वाली बस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र मकै पकेट विकास कार्यक्रम सचालनका लागि नगरकार्यपालिकाको कार्यालयबाट मिति २०७९।५।१० मा प्रकाशित प्रस्ताव आब्हानको सूचना अनुसार एकमात्र प्रस्ताव श्री मिलीजुली कृषक समूह बुटवल-१४ दर्ता हुन आएको हुँदा न्यूनत्तम २० हेक्टर जग्गा क्षेत्रफल कायम हुने गरी उक्त प्रस्ताव स्वीकृत गरी मकै पकेट विकास कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.३ विविध ।**

**प्रस्ताव नं.५.३.१**

**सरसफाई शुल्क तोक्ने सम्बन्धमा ।**

निर्णय नं.५.३.१

बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं.९ मा रहेको लुम्बिनी बस टर्मिनललाई स्वच्छ, सफा र सुन्दर बनाई पूर्व-पश्चिम, उत्तर र दक्षिणबाट पाल्नु हुने यात्रु महानुभावहरुलाई सुविधा पुऱ्याउनु नगरको दायित्व एवं कर्तव्य समेत भएको हुँदा बसपार्क हाताभित्र लाईटिङ्ग व्यवस्थापन, Free WIFI, सूचनामूलक वोर्ड, टि.भी. र CCTV समेत क्रमश: जडान गर्दै जाने र उक्त बसपार्क क्षेत्रभित्र प्लास्टिकजन्य वोत्तल, गुटका, पुकार पराग, भोला, सुर्तीका कभर, चुरोटका ठुटा, पानखाई जथाभावी नथुक्ने र अन्य प्लाष्टिकजन्य फोहोर जथाभावी नफाल्नका लागि सूचना गर्ने । उक्त सूचनाको अटेर गर्ने उपर नगरप्रहरी परिचालन गरी जनही रु.१००।- जरिवाना गर्ने व्यवस्था मिलाई सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५.३.२**

**खर्च भुक्तानी सम्बन्धमा ।**

निर्णय नं.५.३.२

बुटवल उपमहानगरपालिका वडा नं.३ स्थित ज्योतिनगर क्षेत्रमा यस बर्षको बर्षाको कारण चुरे क्षेत्रबाट आएको पहिरोले ल्याएको ढुङ्गा, माटो, पहिरोजन्य पदार्थले बस्ती क्षेत्रमा क्षति पुऱ्याएको र थप क्षति हुनबाट बचाउनका लागि CCMC बैठकको निर्णय, नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम उक्त कार्य वडा कार्यालयको रोहवर र सवारी लगबुकको आधारमा ज्योतिनगर पहिरो नियन्त्रण समितिबाट गराउने निर्णय भए बमोजिम वडा कार्यालयको रोहवरमा सवारी लगबुक र प्राविधिकको मूल्याङ्कन र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतका आधारमा उल्लेखित कार्यमा खर्च भएको रकम रु.१६,६०,४२१।०० (सोह्र लाख साठी हजार चार यस एक्काईस रुपैयाँ मात्र) मा उपमहानगरपालिकाबाट उपलब्ध गराएको ९०० लिटर डिजल बापतको रकम घटाई बाँकी हुन आउने रकम ज्योतिनगर पहिरो नियन्त्रण समिति बुटवल-३ को नाममा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं.५.३.३
उपसमिति गठन सम्बन्धमा ।
निर्णय नं.५.३.३
बुटवल उपमहानगरपालिका क्षेत्रभित्र यत्रतत्र रहेका ठेला व्यवसायीहरुलाई व्यवस्थित गरी करको दायरामा ल्याउनका लागि मिति २०७९।५।५ मा बसेको नगरकार्यपालिकाको बैठकबाट प्रमुखज्यूको संयोजकत्वमा समिति गठन भएको हुँदा उक्त समितिलाई आवश्यक सहयोग पुऱ्याउन र ठेला व्यवसायलाई व्यवस्थित गरी प्रभावकारी रुपमा संचालनका लागि एक उपसमिति गठन गर्ने र सो उपसमितिले नै आवश्यक कार्यविधि समेत प्रस्ताव गर्ने गरी देहाय बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री नरेन्द्र बस्नेत, वडाध्यक्ष वडा नं.१ एवं संयोजक विधेयक समिति | -संयोजक |
| श्री नरिश्वर शर्मा, वडाध्यक्ष, वडा नं.४ | -सदस्य |
| श्री मित्रमणी खनाल, अधिकृत दशौं, महाशाखा प्रमुख, वित्त व्यवस्थापन मशाशाखा | -सदस्य |
| श्री घनश्याम पन्त, अधिवक्ता | -सदस्य |
| श्री ध्रुव भट्टराई, कानून अधिकृत, अधिकृत छैटौं | -सचिव |

प्रस्ताव नं.५.३.४
सहयोग सम्बन्धमा ।
निर्णय नं.५.३.४
गरुडदल गण रामनगर व्यारेक, बुटवलको प.सं. १०८५१/लेखा/०४/०७९/८०/०४ मिति २०७९।५।२७ को पत्रबाट यस गणले जिल्लाको शान्ती सुरक्षा तथा विपद् व्यवस्थापन कार्यको जिम्मेवारी बहन गर्दै आइरहेको र हाल गणभित्र रहेको संरचनाहरुको पर्याप्त मरमत सम्भार हुन नसकेको अवस्थाले गर्दा सकल दर्जाहरुको बासस्थान तथा अन्य प्रयोजनका भौतिक संरचनाहरुलाई सुधार गर्नका लागि भनी जिन्सी सामग्रीहरुको माग भई आएको प्राप्त पत्र आजको बैठकमा प्रस्तुत भई छलफल भयौ । उक्त गणबाट माग भई आएका सामानहरु खरिद प्रयोजनका लागि विभिन्न सामाजिक संघसंस्थाको सहयोगमा संचालन हुने कार्यक्रम शीर्षकबाट भुक्तानी हुने गरी रु.४,५०,०००।- (चार लाख पचास हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.५.३.५
सहयोग सम्बन्धमा ।
निर्णय नं.५.३.५
ईलाका प्रहरी कार्यालय बुटवल, रुपन्देहीको प.सं. ०७९/०८० च.नं. १८ मिति २०७९।४।२३ को सहयोग सम्बन्धी पत्रको सम्बन्धमा मिति २०७९।५।१७ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं. ३.१० मा बाढी, पहिरो, नदी खोला गस्ती लगायतका अन्य सुरक्षा सम्बन्धी काममा समेत स्थानीय प्रहरी प्रशासनसँग आवश्यक सहयोग लिई रहनुपर्ने भएको हुँदा उक्त प्रहरी कार्यालयको बा.१फ. ६४२९ नं. को टोयटा माज्दा गाडीको स्टीमेट गराई मरमत गरिदिने भनि निर्णय भए बमोजिम भैरव अटो भिलेज प्रा.लि. बुटवल-१२ बाट रु.६,२५,१००।- (छ लाख पच्चीस हजार एक सय मात्र) को स्टीमेट भई आएको हुँदा

विभिन्न सामाजिक संघसंस्थाको सहयोगमा संचालन हुने कार्यक्रम शीर्षकबाट भुक्तानी हुने गरी स्टीमेट बमोजिम उल्लेखित नं. को गाडी मरमत गरिदिने निर्णय गरियो ।

**प्रस्ताव नं.५.३.६**

**सहयोग सम्बन्धमा ।**

**निर्णय नं.५.३.६**

बुटवल-३ निवासी निर्मला रानाले आफनो दाजु टेक मास्की राना विरामी भई लुम्बिनी प्रादेशिक अस्पतालको आई.सि.यु.मा उपचारमा रहेको र घरको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको भनि सहयोग माग गरेको हुँदा संचारकर्मी प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम शीर्षकबाट निवेदिका निर्मला रानालाई दाजुको उपचार प्रयोजनका लागि रु.२५०००।- (पच्चीस हजार) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.५.३.७**

**दररेट निर्धारण सम्बन्धमा ।**

**निर्णय नं.५.३.७**

यस बुटवल उपमहानगरपालिका क्षेत्रलाई कार्यक्षेत्र बनाएका तर हालसम्म पनि करको दायरामा आउन नसकेका देहायका व्यवसायीहरुलाई करको दायरामा ल्याउन आवश्यक र मनासिव हुने देखिएकोले दररेट निर्धारण एवं आवश्यक तयारीका लागि राजश्व परामर्श समितिमा पठाउने निर्णय गरियो ।

देहाय :

- ग्रिल उद्योग,
- घरघरमा डुल्ने नाउँहरु,
- भवन संरचनाहरु बनाउने ठेकेदारहरुलाई सूचिकृत गर्ने,
- फर्निचर उद्योग,
- कवार्ड संकलक फर्म,
- ठेला व्यवसाय ।

**प्रस्ताव नं.५.३.८**

**संशोधन सम्बन्धमा ।**

**निर्णय नं.५.३.८**

मिति २०७९।५।२९ मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.४.७ को वडा नं.३ तर्फका चार परिवारहरुलाई प्रति परिवार रु.२५,०००।- (पच्चीस हजार) का दरले राहत सहयोग उपलब्ध गराउने गरी निर्णय गर्दा सि.नं.३ मा विन बहादुर विटालु हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।